कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं.: ०५६-५९२१३१

फ्याक्स नं.: ०५६-५२६०१४

प.सं.

च.नं.

मितिः.........................

मितिः २०७५/१०/०६

## वि.भि.एस्सी.एण्ड ए.एच र वि.एस्सी.फिसरिजमा विद्यार्थी भर्ना सम्वन्धी सूचना

शैक्षिक वर्ष २०७५/०७६ का लागि यस कृषि तथा वनविज्ञान विश्वविद्यालय पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने स्नातक तहका (B.V.Sc. & A.H.) र (B.Sc. Fisheries) कार्यकममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ । आवेदकले आवेदन फर्म Online बाट मात्र भर्न सक्नेछन् । आवेदनका साथमा आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, बैंक भौचर, नागरिकता र हालसालै खिचेको पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ । साथै, अन्य विश्वविद्यालय वा संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले समान स्तर निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** 10+2 विज्ञान वा पशु विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको तहमा कम्तिमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री वायोलोजी र कम्तिमा ५० पुर्णाङ्कको गणित एंव फिजिक्स विषयमा अध्ययन गरी कुल प्राप्त अंकको कम्तीमा ५०% वा माथि उल्लेखित प्रत्येक विषयमा "C" ग्रेड प्राप्त गर्नुका साथै कुल प्राप्ताङ्कमा C+ वा CGPA-2.4 वा सो भन्दा माथी ग्रेड प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical अलग अलग 'C' ग्रेड भन्दा कम भएता पनि एकमुष्ट विषय Theory र Practical को कम्तीमा "C" ग्रेड हुनुपर्नेछ ।

२. आवेदन भर्ने प्रकृया Online रहनेछ र त्यसका लागि यस विश्वविद्यालयको वेबसाईट www.afu.edu.np मा गई भर्न सकिनेछ।

**३. आवेदन दिने मिति र समय :** आवेदन २०७५ माघ ०७ गतेदेखि २०७५ माघ २७ गते राती १२:०० बजे सम्म www.afu.edu.np मा log in गरी Online बाट गर्न सकिनेछ। Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन् ।

**४.** यस संकाय अन्तर्गत संचालन हुने दुईवटा कार्यक्रमहरु B.V.Sc. & A.H. र B.Sc. Fisheries मध्ये कुनै एउटा कार्यक्रममा आवेदन दिनको लागि रु.३,०००। अक्षरुपी तीन हजार र दुवै कार्यकममा आवेदन दिनको लागि ३,५००। अक्षरुपी तीन हजार पाच सयको वैंक भौचर संलग्न गरी आवेदन भर्नुपर्ने छ ।

**५. आवेदन फारम तथा प्रवेश परीक्षा शुल्क :** आवेदन तथा प्रवेश परीक्षा शुल्क बापतको रकम प्रभु बैंकको कुनै पनि शाखाबाट **"AGRICULTURE AND FORESTRY UNIVERSITY"** को नाम रहेको खाता नं. **0171160069276300001** मा आवेदकले रकम जम्मा गरी बैंक भौचर प्राप्त गर्न सकिनेछ। प्रभु बैंक बाहेक अन्य बैंकबाट उक्त खातामा रकम जम्मा गर्दा लाग्ने अन्तर बैंकिङ्ग शुल्क आवेदकले नै थप गरी बुझाउनुपर्नेछ । बैंक भौचरमा आवेदकको पुरा **नाम, मोवाइल नं.** अनिवार्य लेखिएको हुनु पर्नेछ । रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५२६०१४

प.सं.
च.नं.

मिति:.........................

**६. प्रवेश पत्र बितरण मिति, समय र स्थान :** प्रवेश परीक्षाको प्रवेश पत्र २०७५ फागुन ४ गते बिहान ७.०० बजेदेखि १०.०० बजेसम्म परीक्षा केन्द्रबाट बितरण गरिनेछ । प्रवेश पत्र बुझ्न आउदा आवेदकले आफ्नो सक्कल नागरिकता, सक्कल बैंक भौचर र Online आवेदन सम्पन्न गरे पश्चात प्राप्त गरेको Confirmation Page (आवेदकको अनिवार्य हस्ताक्षर भएको) लिई स्वयं उपस्थित हुनुपर्नेछ । सम्बन्धित परीक्षार्थीले सक्कल बैंक भौचर र Confirmation Page बुझाएपछि मात्र निजलाई प्रवेश पत्र प्रदान गरिनेछ ।

**७. प्रवेश परीक्षा मिति, समय र स्थान :**२०७५ फागुन ४ गते ११ बजे चितवनमा संचालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी www.afu.edu.np मा पछि प्रकाशन गरिनेछ ।

**८. भर्नाको आधार :** प्रवेश परीक्षाको पूर्णाङ्क ८० को प्राप्ताङ्क, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सो को आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यता क्रम अनुसार नै भर्नाका लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% रहनेछ।

**९.** प्रमाणपत्र तह पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुबैकल्पिक वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।
क) अग्रेजी - १२ ख) केमेष्ट्री - १२ ग) फिजिक्स - १२ घ) बोटानी - १२
ङ) जुलोजी - १२ च) गणित - १२ र छ) सामान्य ज्ञान - ८
प्रवेश परीक्षामा ८० वटा प्रश्नहरु हुनेछन् जसका लागि १ घण्टाको समय दिइनेछ ।

**१०. परीक्षाफल प्रकाशन :** प्रवेश परीक्षा संचालन गरिएको मिति २०७५ फागुन ४ गते बेलुका नै परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

**११. भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु :** भर्ना हुनका लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :
क) पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) एस.एल.सी. को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
घ) प्रमाणपत्र तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
ङ) प्रमाणपत्र तहको सक्कल मूल/स्थायी प्रमाणपत्र Provisional Certificate
च) समानस्तर निर्धारण (Equivalent) को प्रमाणपत्र
छ) सम्बन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
ज) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्च :** भर्ना हुन आउंदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समयभित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको लेखा शाखामा दाखिला गरी आवेदक वा अभिभावक स्वयं उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याइएको सक्कल प्रमाणपत्रहरुको रुजु गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरिए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकको भर्ना प्रक्रिया समावेश गरिने छैन ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५२६०१४

प.सं.
च.नं.
मिति:..........................

**१२. भर्ना सम्वन्धी तालिका** : भर्ना सम्वन्धी तालिका पछि प्रकाशन गरिने छ ।

मेरिट कोटाको भर्ना सकिएपछि अन्य कोटाहरुको भर्ना सूची एकै पटक प्रकाशित गरिने छ । स्थान रिक्त भएमा, सबै कोटाका लागि ३ (तिन) पटकसम्म नामावाली प्रकाशन गरिनेछ यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावालीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई UDF कोटामा समावेश गरी भर्ना लिइनेछ ।

**१३.** प्रवेश परीक्षा उत्तिर्ण भई विश्वविद्यालय विकास शुल्क UDF अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुसार Online आवेदन दिनु पर्नेछ । उक्त सूचना पछि प्रकाशन गरिने छ । साथै त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता कमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरिजमा भर्ना हुनको लागि कमश रु. ३,६६,०००।- अक्षरुपी तीन लाख छैसठ्ठी हजार र रु. १,८७,०००।- अक्षरुपी एक लाख सतासी हजार लाग्नेछ र सो रकम दुई किस्तामा बुझाउन सकिनेछ ।

**१४.** छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, सहिद परिवार, द्वन्द पीडित, स्टाफ, स्थानिय कोटा र ७ प्रदेशका विद्यार्थीहरुका लागि केही कोटा छुट्टयाइएको छ । प्रादेशिक कोटामा भर्ना हुनका लागि सोही प्रदेशको नागरिकता र सोही प्रदेशको पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट एस.एल.सी. परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना हुन इच्छुक भएमा आवेदकले आफूले एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा समन्वय समितीको सिफारिश पत्र online आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ र भर्ना हुन आउदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुनेछैन् । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई मेरिट योग्यताकमको आधारमा निर्धारित कोटामा भर्ना लिइने छ । छात्रा कोटा र प्रादेशिक कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुकहरुले प्रवेश परीक्षा उत्तीर्ण हुने मध्ये वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरिज तहको लागि
निम्नानुसारको निकायको प्रमाण सहितको तोकिएको ढाँचामा नियमानुसार online आवेदन दिनु पर्नेछ । अपाङ्ग कोटामा विद्यार्थी भर्ना हुनका लागि अपाङ्गको ग्रेडिङ्ग अनुशार प्राथमिकता दिइने छ ।

क) दलित कोटाः राष्ट्रिय दलित आयोग
ख) मधेशी कोटाः सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय
ग) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ
घ) अपाङ्ग कोटाः बालबालिका, महिला तथा समाज कल्याण मन्त्रालय
ङ) सहिद परिवार कोटाः नेपाल सरकार शान्ति मन्त्रालय
च) द्वन्द्व पिडित परिवार कोटाः नेपाल सरकार शान्ति मन्त्रालय
छ) स्टाफ कोटाः सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको (श्रीमानर्/श्रीमती, छोरा, छोरी) नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र र संकायको सिफारिश पत्र ।

उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा मेरीटको आधारमा भर्ना लिइने छ । आवेदन दिने मिति पछि प्रकाशन गरिने छ । यो सुविधा २ सन्तानलाई मात्र पाउने प्रावधान रहेकोले सो सुविधा यस विश्वविद्यालयको अन्य संकायवाट प्राप्त गरेको पनि गणना गरीनेछ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं.: ०५६-५९२१३१

फ्याक्स नं.: ०५६-५२६०१४

प.सं.

च.नं.

मिति:...........................

१५. वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी. फिसरिजको लागि तपशीलमा उल्लेखित अनुसार विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालयसंग MOU भएका नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद्‌बाट MOU भए बमोजिम मनोनयन भई आउने मनोनयी व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन ।

**भर्ना कोटा विवरण :**

| विवरण | वि.भि.एस्सी.एण्ड ए.एच. | वि.एस्सी. फिसरीज |
|---|---|---|
| मेरिट | २१ | ७ |
| प्रादेशिक | ७ | × |
| दलित | १ | १ |
| जनजाति | १ | × |
| मधेसी | १ | १ |
| द्वन्द पीडित र सहिद परिवार | १+१=२ | १ |
| अपाङ्ग | १ | १ |
| छात्रा | २ | १ |
| स्थानिय कोटा UDF | २ | २ |
| स्टाफ सहुलियत(अर्ध शुल्क) | १ | १ |
| स्टाफ (पूर्ण शुल्क) | १ | × |
| UDF | १२ | ५ |

**स्टाफ कोटा खाली हुन गएमा UDF कोटामा समावेश गरिनेछ ।**

१६. कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१७. विद्यार्थीहरुलाई छात्राबास उपलब्ध गराउन संकाय बाध्य हुने छैन् ।

☞थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

प्रा.डा. शारदा थपलिया
डीन

डीन